REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

20.06.2026

BROADCAST: 18:40hrs

---

## *राज्यपालले कैलाश मानसरोवर यात्रीहरूको पहिलो समूहलाई नथुलामा झण्डा देखाएर प्रस्थान गराए*

कैलाश मानसरोवर यात्रा 2026 मा जाने तीर्थयात्रीहरूको पहिलो समूहले आज नथुला हुँदै चीन प्रवेश गरे र आफ्नो अगाडिको यात्राको थालनी गरे । सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले सिक्किम सरकारका पर्यटन मन्त्री छिरिङ थेन्डुप भुटियाको उपस्थितिमा पहिलो समूहलाई झण्डा देखाएर प्रस्थान गरे । पहिलो समूहमा दुई सम्पर्क अधिकारी र एक मेडिकल अधिकृत सहित 41 यात्रीहरू छन्, टोलीको कुल संख्या 47 पुगेको छ । कार्यतालिका अनुसार, यात्रीहरू आज ग्याङ्जे पुग्न अपेक्षा गरिएको छ, भने मानसरोवर परिक्रमा 27 जुनमा हुने तय भएको छ । पहिलो समूह 1 जुलाईका दिन गान्तोक फर्कने कार्यक्रम छ ।

---

## *सिक्किमले भोलि अन्तर्राष्ट्रिय योग दिवस मनाउने*

सिक्किम सरकारको आयुष विभाग भोलि गान्तोकको रिज पार्कमा रहेको स्वर्ण जयन्ती मैत्रेयी मञ्जरीमा स्वस्थ आयुका लागि योग भन्ने विषयवस्तुमा अन्तर्राष्ट्रिय योग दिवस समारोहमा शामेल हुन् तम- तयार छ । सिक्किमका राज्यपाल ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेम सिंह तामाङ्ले यस कार्यक्रममा उपस्थिति जनाउनुहुनेछ ।

---

## *भारतीय सेनाले तल्लो जोङ्गुमा नेताजी सुभाष चन्द्र छात्रावासको स्तरोन्नति गर्यो*

अपरेशन सद्भावनाको तत्वावधानमा, भारतीय सेनाले उत्तरी सिक्किमको तल्लो जोङ्गुमा रहेको तार्योङ प्राथमिक विद्यालयमा नेताजी सुभाष चन्द्र छात्रावासको स्तरोन्नति पूरा गरेको छ। 1976 मा स्थापित, तार्योङ प्राथमिक विद्यालयले यस क्षेत्रका दुर्गम लेप्चा गाउँका बालबालिकाहरूलाई पढाउँछ। कठिन भूभाग, कडा मौसम अवस्था, कमजोर सम्पर्क र सीमित पूर्वाधारका कारण विद्यार्थीहरूले लामो समयदेखि चुनौतीहरूको सामना गर्दै आएका थिए। लगभग 35 विद्यार्थीहरूलाई बस्न दिने यो छात्रावास पहिले अपर्याप्त सुविधाहरूसहित सञ्चालनमा थियो। स्तरोन्नतिमा सुधारिएको सरसफाइ सुविधाहरू, स्वच्छ भान्सा, भोजन

क्षेत्र, उचित विद्युतीकरण, आधुनिक फर्निचर, डिजिटल सिकाइ सहायक सामग्री, खेलकुद पूर्वाधार, मनोरञ्जन सुविधाहरू र विद्यालयको सीमानामा सुरक्षा बार लगाउने समावेश छ।

---

## *पाकिम एस आई आर*

मतदाचा नामावलीको चलिरहेको विशेष गहन संशोधन, एस आई आर 2026 मा जनसहभागिता बढाउने उद्देश्यले, जिल्ला निर्वाचन कार्यालय, पाकिमले आज जिल्लाभर समर्पित एस आई आर जन जागरूकता वाहन शुरू गरेको छ । आउटरिच कार्यक्रमको एक भागको रूपमा, जागरूकता वाहनले निर्वाचन क्षेत्र र सार्वजनिक स्थलहरूमा यात्रा गरिरहेको छ, एस आई आर 2026 को उद्देश्यहरूबारे जानकारी फैलाइरहेको छ र योग्य मतदाताहरूलाई चलिरहेकी घर-घर गणना अभियान अन्तर्गत डिजिटलाइजेसनको लागि आफ्नो पूरा गणना फार्महरू पेश गरेर बुथ स्तर आधिकारीहरूसँग सहयोग गर्न आग्रह गरिरहेको छ ।

---

## *ह्यान्डलूम निर्देशनालय गान्तोकले गेजिङ बरफोकमा सीप उन्नतीकरण तालिम कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्यो*

सिक्किम सरकारको हस्तकला तथा ह्यान्डलूम निर्देशनालय गान्तोकले गेजिङ जिल्लाको बरफोकस्थित पोशाक उत्पादन इकाईमा Raising and Accelerating एमएसएमई पर्फर्मेन्स (RAMP) योजना अन्तर्गत काट्ने र सिलाई गर्ने सम्बन्धी सीप उन्नतीकरण तालिम कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्यो।

समापन कार्यक्रममा हस्तकला तथा ह्यान्डलूम निर्देशनालय गान्तोकका निर्देशक छेरिङ तोपगे भुटिया प्रमुख अतिथिको रूपमा उपस्थित थिए। तालिम कार्यक्रमले पहिलो र दोस्रो ब्याचका साठी जना सहभागीहरूलाई लाभान्वित गर्यो, जसले काट्ने, सिलाई गर्ने र पोशाक निर्माणमा व्यावहारिक तालिम प्राप्त गरेका थिए। तालिम सफलतापूर्वक सम्पन्न भएपछि प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो।

---

## *पोषण भी पढाई भी सम्बन्धी 5 दिने तालिम कार्यक्रम नाम्ची जिल्लामा सम्पन्न*

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दिव्यांगमाप्त कल्याण विभाग, नाम्ची जिल्लाले राष्ट्रिय पहल, पोषण भी पढाई भी अन्तर्गत पाँच दिने कार्यक्रम आयोजना गरेको थियो जुन आज सम्पन्न भयो। यस अवधिमा, आधिकारिक टोलीले सबै 144 सहभागी आङ्गनवाडी कार्यकर्ताहरूलाई खेलमा आधारित प्रारम्भिक बाल्यकाल हेरचाह र शिक्षा विधिहरू, शिशु विकास को निगरानी र प्रारम्भिक बाल्यकाल पोषण ट्र्याकिङ सहित विभिन्न महत्वपूर्ण विषयहरूमा सक्रिय रूपमा प्रशिक्षण दियो।

---